"गुणस्तरीय शिक्षाको आधार, मर्यादित शिक्षण पेसाको पूर्वाधार"

# नेपाल शिक्षक सङ्घ

## संघीय कार्य समिति

च.नं मिति : २०८१/१०/२१

## विज्ञप्ती

मिति २०८१ माघ १८ र १९ गते दुई दिन क्रमश: नेपाल शिक्षक सङ्घ संघीय कार्य व्यवस्था समितिको सातौं र पूर्ण कार्य समितिको ११ औं पूर्ण बैठक सम्पन्न भएको छ ।

नेपाल शिक्षक सङ्घको विधान २०७४ को परिच्छेद-३ को ३.६.७ बमोजिम सम्पन्न हुनु पर्ने स्थानीय प्रतिनिधि सभा, विधानको ३.६.१२ बमोजिमको जिल्ला प्रतिनिधि सभा र विधानको ३.६.१५ बमोजिमको प्रदेश प्रतिनिधि सभा सम्पन गर्ने, चैत्र मसान्त भित्रै विद्यालय शिक्षा विधेयक संसदबाट पास गराउन दवाब सिर्जना गर्ने, मिति २०७५ देखि ०८१ साल सम्म स्थायी सेवामा प्रवेस गरेका शिक्षकहरुको प्रचलित ऐन अनुसार नै पेन्सन पाउने हक कायम गर्दै भर्खरै जारी अध्यादेश खारेजी तर्फ लैजाने, नेपाल शिक्षक सङ्घको आर्थिक पारदर्शिता कायम गर्न गराउन लेखा समिति गठन गर्ने, स्व.मोहन ज्ञवाली स्मृति अक्षयकोष स्थापनाको बैधता प्राप्त गर्ने, नेपाल शिक्षक सङ्घका केही जिम्मेवार व्यक्तिहरुबाट सामाजिक संजालमा संस्थाको मर्म र भावना विपरीत अभिव्यक्तिहरु सार्वजनिक गर्ने गरेकाप्रति गंभिर ध्यानाकर्षण गर्दै आगामी दिनमा यस्ता गलत र भ्रामक अभिव्यत्तिहरु सार्वजनिक नगर्न सचेत गराउने र नेपाल शिक्षक सङ्घको आचार संहिता पूर्ण कार्यान्वयन गर्ने, नेपाल शिक्षक महासङ्घको सम्पूर्ण संरचनाहरुलाई बार्ता संवाद र छलफलका माध्यमबाट तत्काल पूर्णता प्रदान गर्ने, नेपाल शिक्षक महासङ्घद्वारा घोषित शिक्षक आन्दोलनलाई सार्थक निष्कर्षमा पुर्याउन सबै संरचना र सदस्यहरुलाई परिचालन गर्ने, महिला उपाध्यक्षहरुको भेला २०८२ वैशाख महिनामा गर्ने, सहजकर्ताहरुको जिम्मेवारीलाई प्रभावकारी बनाउने, नेपाल शिक्षक सङ्घको वेबसाइटलाई व्यवस्थित ढंगले संचालन गर्ने, नेपाल शिक्षक सङ्घका पदाधिकारी एवम् सदस्यहरुको मर्यादाक्रम तोक्ने लगाएत सबल, सुदृढ र संगठित सङ्घ निर्माण, गतिशीलता, विधानको अक्षरस पालना र कार्यान्वयनलाई यो बैठकले जोड दिएको छ ।

नेपाल शिक्षक महासङ्घको पूर्णता दिँदै शिक्षक आन्दोलन सार्थक निष्कर्षमा पुऱ्याउन नेपाल राष्ट्रिय शिक्षक संगठनलाई आह्वान गर्ने सहितका विविध विषयमा दुई दिन व्यापक छलफल गर्दै ठोस निष्कर्षमा पुग्न यो एघारौं पूर्ण बैठक सफल भएको यसै विज्ञप्ती मार्फत हार्दिक अनुरोध गर्दछौं । जयनेपाल ।

ज्ञानेन्द्र बहादुर रावल
महासचिव

Tel : 0977-1-4375298, Fax : 0977-1-4375299
Email : nta.nta11@gmail.com, Website : www.ntanepal.org